# चुरे गाउँपालिका
(Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सः २०८२/०८३
च.नं.

### १२ औं कार्यपालिका बैठक

आज मिति २०८३/०३/०५ गते शुक्रबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | |
| श्री धना देवी थापा | उपाध्यक्ष | |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित कालीप्रसाद भट्ट<br>मनिरत्न अर्मो<br>गोपाल बन | | |

## १२.औं कार्यपालिका बैठककका प्रस्तावहरु

प्रस्ताव नं. १ आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँ सभामा पेश गर्ने,

प्रस्ताव नं. २ आ.व. २०८३।०८४ को मध्यमकालिन खर्च संरचना स्वीकृत गरी गाउँ सभामा पेश गर्ने,

प्रस्ताव नं. ३ चुरे गाउँपालिकाको आ.व २०८३।०८४ को वार्षिक बजेट स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

प्रस्ताव नं. ४ चुरे गाउँपालिकाको आर्थिक विधेयक, २०८३ स्वीकृत गरी सभामा पेश गर्ने ,

प्रस्ताव नं. ५ चुरे गाउँपालिकाको विनियोजन विधेयक , २०८३ स्वीकृत गरी सभामा पेश गर्ने

प्रस्ताव नं. ६ विभिन्न विषयगत समितिका प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- आर्थिक विकास समिति
- वन वातावरण तथा विपद व्यवस्थापन समिति
- सुशासन तथा संस्थागत क्षमता विकास समिति

प्रस्ताव नं. ७ लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ लैंगिक समानता तथा सामाजिक समावेसिकरण परिक्षरण (GEDSI Audit) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ अध्यक्ष एकिकृत स्वास्थ्य शिविर कार्यक्रमको अपुग रकम व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं. १० गाउँपालिका शिक्षक दरवन्दी थप गर्ने तथा विज्ञापन अनुमती प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ स्वीकृत कार्यक्रमको रकम बाँडफाँड गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ योजनाको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १३ ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ विविध सम्बन्धमा

क) आर्थिक सहयोग सम्बन्धमा
ख) बजेट निर्माण सम्बन्धमा
ग) वडा नं. ४ को प्रशासनिक भवन संचालनको उदघाटनको खर्च भुक्तानी सम्बन्धमा
घ) कर्मचारी बिमा सम्बन्धमा
ङ) वडा नं. ४ को परिक्षमा सहभागी हुन आएका विद्यार्थीहरुको खर्च व्यवस्थापन सम्बन्धमा।
च) विपद राहत ( त्रिपाल, झुल र खाद्यान्न) वितरण सम्बन्धमा।

**निर्णयहरु:-**

| निर्णय नं. | सम्बन्धित शाखा | निर्णय |
|---|---|---|
| १ | प्रशासन शाखा | आ.व. २०८३।०८४ मा गाउँपालिकाले अवलम्बन गर्ने विभिन्न किसिमका कानुनी आधार तथा स्थानीय सरकारको एक वर्षको मार्गचित्र **सहितको चुरे गाउँपालिको आ.व. २०८३।०८४को वार्षिक नीति तथा कार्यक्रम** स्वीकृत गर्ने र सभामा पेश गर्न अनुमती प्रदान गर्ने। |
| २ | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८३।०८४को बार्षिक बजेट निर्माणको लागि बनेको ३ बर्षको यथार्त, प्रक्षेपित तथा अनुमान सहितको **मध्यमकालिन खर्च संरचना** स्वीकृत गर्ने र सभामा पेश गर्न अनुमती प्रदान गर्ने। |
| ३ | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८३।०८४ मा गाउँपालिकाको समग्र आय, व्यय र राजश्वको प्रक्षेपण र गाउँपालिकाको संचित कोषबाट रकम संचालन हुने सम्पूर्ण योजना तथा कार्यक्रम समेटिएको आ.व. २०८३।०८४ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र सभामा पेश गर्न अनुमती प्रदान गर्ने। |
| ४ | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८३।०८४मा गाउँपालिकाको आन्तरिक आय सँग सम्बन्धित कर करका दर सहितको अनुसुची सहित गाउँपालिकाको अर्थ सम्बन्धी व्यवस्था गर्न भनेको विधेयक, **आर्थिक विधेयक२०८३** स्वीकृत गर्ने र सभामा पेश गर्न अनुमती प्रदान गर्ने। |
| ५ | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८३।०८४को बार्षिक आय व्यय लाई व्यवस्थापन गर्नको लागि बनेको विधेयक , **विनियोजन विधेयक, २०८३** स्वीकृत गर्ने र सभामा पेश गर्न अनुमती प्रदान गर्ने । |
| ६ | प्रशासन शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँ कार्यपालिकाका विभिन्न विषयगत क्षेत्र हेर्ने विषयगत समितिहरुले आ.व. २०८३।०८४ मा बर्षभरी गरेका विभिन्न निर्णयहरु विषयगत शाखालाई दिएका निर्देशनहरु सहित तपसिल बमोजिमका समितिले पेश गरेका प्रतिवेदनहरु स्वीकृत गर्ने र आगामी दिनमा उक्त समितिलाई शसक्त रुपमा कार्य प्रक्रिया गर्न र गराउन निर्देश गर्ने।<br>१. **आर्थिक विकास समितिको आ.व. २०८२।०८३** को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने।<br>२. **सामाजिक विकास समितिको आ.व. २०८२।०८३** को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।<br>३. **पूर्वाधार विकास समितिको आ.व. २०८२।०८३** को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने।<br>४. **वन वातावरण तथा विपद व्यवस्थापन समितिको आ.व. २०८२।०८३** को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने।<br>५. **सूशासन तथा संस्थागत क्षमता विकास समितिको आ.व. २०८२।०८३** को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने। |
| ७ | महिला बालबालिका शाखा | समाजमा विद्‌मान रहेको लैंगिक हिंसा, पिडित वा प्रभावित व्यक्तिहरुको तत्काल उद्धार, राहत र औषधी उपचार एवं पूनर्स्थापना कार्यका लागि लैंगिक हिंसा निवारण कोष स्थापना र संछालन गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा(२) ले प्रदान गरेको अधिकार प्रयोग गर्दै **चुरे गाँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८३** स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| ८ | महिला बालबालिका शाखा | चुरे गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण रणनीति तथा लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण परिक्षण कार्यविधि, २०७८ बमोजिम चुरे गाउँपालिकाले आ.व. २०८१।०८२ मा गरेका सम्पूर्ण कार्यको लैङ्गिकताको आधारमा भए गरेका आधारमा गरिएको परिक्षणको आधारमा तयार गरिएको **लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण प्रतिवेदन, २०८२।०८३** स्वीकृत गर्ने। |
| ९ | स्वास्थ्य शाखा | आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको अध्यक्ष एकिकृत स्वास्थ्य शिविर कार्यक्रम संचालनको लागि स्वीकृत बजेट अपुग भएको र कार्यसम्पन्न गर्नको लागि थप दायित्व सृजना भएको हुँदा उक्त अपुग रकम रु. २२५२५७।००( अक्षेरुपी रु. दुई लाख पच्चिस हजार दुई हजार सन्ताउन्न मात्र) आ.व. २०८२।०८३ को अर्को स्वीकृत कार्यक्रम सहजपुर स्वास्थ्य चौकीमा फार्मेसी संचालनको लागि विनियोजित रकम शिर्षकबाट भुक्तानी दिन गाउँपालिकालाई निर्देशन दिने। |
| १० | शिक्षा शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गर्दै चुरे गाउँपालिकाको शिक्षा ऐन २०७९ को दफा २२ मा भएको व्यवस्था तथा चुरे गाउँपालिकाको गाउवपालिका शिक्षक छनौंट तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा ३ मा भएको व्यवस्था अनुसार मिति २०८३।०२।१३ गतेको शिक्षा समितिको निर्णयानुसार सिद्धबाबा माध्यमिक विद्यालय चुरे-६ गौजेनामा गाउँपालिका माध्यमिक तहको दरवन्दी थप गर्न आवश्यक रहेको र श्री जनता आधारभुत विद्यालय चुरे-२ सल्लेकाँडामा रिक्त रहेको निम्न माध्यमिक तहको गाउँपालिका शिक्षक दरवन्दीमा शिक्षक पदमा शिक्षक पदपुर्ति गर्नको लागि शिक्षा समितिले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने तथा सोही बमोजिम शिक्षक व्यवस्थापन तथा पदपुर्तिक गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई अनुमती दिने। |
| ११ | शिक्षा शाखा | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यालयहरुलाई यातायात तथा व्यवस्थापन खर्च अनुदान शीर्षकमा ४४००००।०० रकम विनियोजन भएकोमा सहभागी विद्यालयहरुलाई उक्त रकम बाँडफाड गर्न आवश्यक निर्णय गर्नु पर्ने भएकाले यस गाउँपालिका अन्तर्गत कुल जम्मा ११ माध्यमिक विद्यालयहरु रहेका र ति सम्पुर्ण विद्यालयहरु गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ मा सहभागी भएको र विद्यालयहरुको आर्थिक अवस्था समेत कमजोर भएकाले विद्यालयहरुबाट राष्ट्रपति रनिङ शिल्डमा सहभागिता बाफत रकम उपलब्ध गाराई दिन माग समेत भएकाले र उक्त कार्यक्रमका लागि कुनै पनि निकायबाट विद्यालयमा अनुदान नगएकाले आगामि दिनहरुमा उक्त कार्यक्रममा विद्यालयको सहभागिता सुनिश्चित गर्न यस गाउँपालिका अन्तर्गत रहेका ११ वटा सामुदायिक विद्यालयहरुलाई उक्त शीर्षकबाट प्रति विद्यालय रु ४००००।०० दरले अनुदान उपलब्ध गराउने। |
| १२ | योजना शाखा | चुरे गाउँपापलिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेका विभिन्न योजनाहरु कार्यान्वयनको लागि सम्झौता भई कार्यादेश प्राप्त गरी कार्य सम्पन्न गरी अन्तिम भुक्तानीको लागि पेश भएका तपसिल बमोजिमका योजनाहरुको भुक्तानी दिनुपर्ने भएको हुँदा प्राविधिक मुल्याङ्कन तथा अनुगामन समितिको प्रतिवेदनको आधारमा भुक्तानी दिने। |

तपसिलः-

| क.स. | योजनाको नाम | बजेट रकम | लागत रकम | कार्यालयको भुक्तानी रकम कर सहित | वडा नं |
|---|---|---|---|---|---|
| १ | मिलनपुर छिड्की खोला खानेपानी मर्मत | ५०००० | ५८९४६.०३ | ४८००० | १ |
| ३ | दुर्गा आ वि हिजिरे शौचालय निर्माण | १५०००० | १७६५५८.९९ | १३९३२३.५ | २ |
| ५ | भानु मा.वि.चित्रपुरको मुहान घेरवार | १००,००० | १११९४०.५५ | ९६००० | ३ |
| ६ | समैजीलिङ्ग खानेपानी योजना | १००,००० | ११२३२६.३ | ९६००० | ३ |
| ७ | पशुपति शिक्षा मन्दिरको शौचालय मर्मत | ५०००० | ५६४४८।६६ | ४८००० | ३ |
| ८ | सेरा कोठार सिंचाई पोखरीहरुको फिटिङ्ग सामाग्री खरिद तथा मर्मत | ५०००० | ५५८८५।७१ | ४६४०० | ३ |
| १० | आलुगडा सिचाइ पोखरी निर्माण 4 | ५००००० | ५८७७१६.१ | ४२१००० | ४ |
| ११ | सरस्वती आ. वि. बाटेगडा २ कोठे भवन निर्माण 4 | २६००००० | ३१७६६५४३.९ | ११५३४६४.७८ | ४ |
| १२ | भानु मा वि चित्रपुर छात्रवासको ग्रिल,फर्निचर,च्यानल गेट निर्माण तथा व्यवस्थापन | ७००,००० | ७४८२९९।६९ | ६५९७८६.५५ | ३ |
| १३ | बन्ड भुकुडा सुधारिएको घट्ट निर्माण चुरे ४ | २००००० | २१८२४१।५८ | १९२००० | ४ |
| १४ | बन्ड सारुटोल, खानेपानी टंकी निर्माण चुरे ४ | २००००० | २२०२४९।२० | १९२००० | ४ |
| १५ | सिमखेत सिचाइ पोखरी निर्माण चुरे ४ | १००००० | ११४९७४।३० | ९६००० | ४ |
| १६ | समैजी आ वि घरखेडामा विघालय घेरवार | २००००० | २३००३७।५९ | १४३७०२.७० | १ |
| १७ | तिम्लेगडा सिंचाई कुलो निर्माण | ४००००० | ४६५०४२।६२ | ३८४००० | ३ |
| १८ | डल्लेलोस खानेपानी निर्माण वडा नं २ | १७७५२९ | २०९२२०।९१ | १७०४२७.८४ | २ |
| १९ | भावर सिचाइ निर्माण | ५००००० | ५४२६०२।३८ | ४८०००० | ३ |
| २० | आमथला सिचाइ पोखरी मर्मत चुरे ३ | ३००००० | ३३५१४२।०५ | २६२३०० | ३ |
| २१ | घाणा केदार मन्दिर निर्माण चुरे १ | ३००००० | ३३१८०४/97 | २८८००० | १ |
| २२ | सिमली भदौरे खानेपानी मर्मत | ५००००० | ५७१३१०।६० | ४८०००० | २ |
| २३ | बर्मा आ वि आमसेरा सौचालय निर्माण वडा नं १ गा पा + वडा ३+१ | ४००००० | ४७३०६१।८२ | ३७९७६८.७८ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | खट्का सुनारी स्वास्थय आमा समूह भवन निर्माण | २००००० | २२६७९२।८१ | १९२००० | ३ |
| २५ | जनता आ वि सल्लेकाडाँ फर्निचर खरिद | २००००० | २००००० | १९९५९९.९२ | २ |
| २६ | गिथडा गौशाला व्यवस्थापन निर्माण चुरे ६ | १००००० | ११८५०६.०३ | ९६००० | ६ |
| २७ | धपरेनी खानेपानी निर्माण चुरे ५ | १००००० | ११५५९३.३४ | ९६००० | ५ |
| २८ | वेल्वापालन खानेपानी टंकी निर्माण चुरे ५ | २००००० | २२८९४०.३८ | १९२००० | ५ |
| २९ | डाडाखर्क सिचाइ पोखरी निर्माण चुरे ५ | १००००० | ११४९६१.३९ | ९६००० | ५ |
| ३० | बसरेनी गाउँमा तटवन्धन चुरे ५ | ३००००० | ३४४६४८.४५ | २८९६३५.३६ | ५ |
| ३१ | पटरेनी खानेपानी निर्माण चुरे 5 | २००००० | २३६३२४.७८ | १९२००० | ५ |
| ३२ | जय बहादुर धामीको घर पछाडी खानीडाँडा खोला तटवन्धन वडा नं ५ | २००००० | २२९९९७.०३ | १९२००० | ५ |
| ३३ | जोरायले सिचाइ पोखरी निर्माण चुरे ५ | १००००० | १०९७७१.२१ | ९६००० | ५ |
| ३४ | कोट गाउँमा काठेपुल निर्माण चुरे ४ | १००००० | १२५३३५.६४ | ९४५५५.२८ | ४ |

| क्र.स. | शाखा | निर्णय |
|---|---|---|
| १३ | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत कार्यक्रम कार्यान्वयनका क्रममा रहेका तपसिलका योजनाहरुको योजना सम्झौता म्याद समाप्त भईसकेको र उक्त योजनाहरु विविध कारणबस समयमा नै समपन्न गर्न नसकेको भनि सम्वन्धित निर्माण व्यवसायीले म्याद थप गरिदिने भनि निवेदन दिनु भएकोमा उक्त योजनाहरुको देहाय बमोजिम म्याद थप गर्न गाउँपालिकालाई निर्देशन दिने । तपसिल: |
| १४ | विविध | |

| योजनाको नाम | निर्माण व्यवसायिको नाम | म्याद थप हुने अवधी | कैफियत |
|---|---|---|---|
| Upgrading of road from Bhaktapur Bazar to Samaiji Adharbhut School,chure 3 | Chure Nirman Sewa | २०८३ अषाढ १६ | |
| Upgrading of Dhanedi - Githada-Simti Road,chure 6 | Bipin Nirman Sewa | २०८३ अषाढ १६ सम्म | |
| Construction of Thulaban Aamakhore Gajari Motorable Road,Chure 4 | Chure Nirman Sewa | २०८३ मंसिर मसान्त सम्म | |
| Construction of Motorable Road from Ward 1 Melbas to ward 4 office,Chure 4 | Chure Nirman Sewa | २०८३ अषाढ १६ | |

<table>
<tr><td>क.</td><td>प्रशासन</td><td>आफ्नो आर्थिक अवस्था कमजोर रहेको भनि तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायता उपलब्ध गराईदिनहुन भनि निवेदन दिनु भएकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ को अधिनमा रही तपसिल बमोजिमका व्यक्तिलाई देहाय बमोजिमको आर्थिक सहायता तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७७ बमोजिम विपद राहत प्रदान गर्ने ।
<table>
<tr><th>क्र.स.</th><th>नाम, थर</th><th>ठेगाना</th><th>सहयोग रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>हर्क बहादुर राना मगर</td><td>चुरे ४,कैलाली</td><td>२५०००।००</td><td></td></tr>
<tr><td>२</td><td>पार्वती देवी चन्द</td><td>चुरे ४,कैलाली</td><td>१२०००।००</td><td></td></tr>
<tr><td>३</td><td>डबल बहादुर खत्री</td><td>चुरे ४,कैलाली</td><td>१५०००।००</td><td></td></tr>
<tr><td>४</td><td>नर बहादुर सुनार</td><td>चुरे -३</td><td>१५०००।००</td><td></td></tr>
<tr><td>५</td><td>ओम राज कँडेल</td><td>चुरे ०१</td><td>१५०००।००</td><td></td></tr>
<tr><td>६</td><td>दुर्गा देवी शाह</td><td>चुरे ०३</td><td>१५०००।००</td><td></td></tr>
<tr><td>७</td><td>धनमती धामी</td><td>चुरे -६</td><td>२००००।००</td><td></td></tr>
</table></td></tr>
<tr><td>ख</td><td>आर्थिक प्रशासन</td><td>चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि र पशु सेवा शाखाको अनुदानमा कृषि सामाग्री वितरण अन्तर्गत रहेका कार्यक्रमहरुको कार्यान्वयन तथा भुक्तानीको लागि लाभग्राहीहरुले बेहोर्नुपर्ने हिस्साको रकम गाउँपालिकाकोको खातामा जम्मा गर्न लगाई कार्य संचालन अन्तर्गतको बजेट निर्माण गरी कार्यान्वयन गर्ने ।</td></tr>
<tr><td>ग</td><td>योजना</td><td>चुरे गाउँपालिकाको वडा नं. ४ को नव निर्मित प्रशासनिक भवनबाट सेवा संचालन गर्नको लागि मिति २०८३।०२ गतेका दिन औपचारीक उदघाटन कार्यक्रममा सम्पन्न गरिएकोमा सो उदघाटन कार्यक्रममा लागेको सम्पूर्ण खर्च गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक बजेटको विविध शिर्षकबाट भुक्तानी दिने।</td></tr>
<tr><td>घ</td><td>प्रशासन</td><td>चुरे गाउँपालिकाको भौगोलिक विकटता तथा कार्य गर्दाको जोखिमहरुलाई मध्यनजर गरी गाउँपालिकाले आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको कर्मचारी बिमा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण स्थायी, अस्थायी , करार र ज्यालादारी कर्मचारीहरुको दुर्घटना बिमा गर्ने ।</td></tr>
<tr><td>ङ</td><td>वडा नं. ४</td><td>वडा नं. ४ का विदयार्थीहरु परिक्षामा सहभागी हुनका लागि परिक्षा केन्द्र सम्म जान र तिनको खाना बस्नको लागि भएको खर्च रकम वडा नं. ४ को विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>च</td><td>विपद</td><td>चुरे गाउँपालिकामा बि.स. २०७७ सालमा आएको विपद जन्य घटना पहिरोबाट घरबार गुमाएर चुरे गाउँपालिकाको वडा नं. ४ को पनेरुवागडा, टाकगडा, बालुवागडा र खा नीडाँडाको बेल्चाप्लान क्षेत्रको शिविरमा जीवन यापन गरिरेका पहिरोपिडितहरुलाई बर्षातको समयमा पानीबाट बच्नको लागि आ.व. २०८२।०८३ को स्कृत बजेटको विपद शिर्षकबाट त्रिपाल,मच्छर झुल र खाद्यान राहत वितरण गर्ने ।</td></tr>
</table>